रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, असार ३० गते, २०७८ साल संख्या ४

भाग-१

## रामग्राम नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

सभाबाट स्वीकृत मितिः २०७८।०३।३०

प्रस्तावना : साविक स्थानीय निकायमा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह रामग्राम नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा र वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भएकोले साविक स्थानीय निकायबाट स्वतः समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई प्रोत्साहन सुविधा उपलब्ध गराई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रामग्राम नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "रामग्राम नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान'' भन्नाले नेपालको संबिधान सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) "कर्मचारी" भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा (३) बमोजिम स्थानीय तह रामग्राम नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनु पर्दछ।

(घ) "स्थानीय तह'' भन्नाले रामग्राम नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानून बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

छ) “प्रोत्साहन सुविधा” भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तह रामग्राम नगरपालिकामा स्वतः समायोजन भएका स्थायी कर्मचारी र अन्य स्थानीय निकायबाट समायोजन भई आएका तर स्तर/तह वृद्धि नभएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तहवृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ।

३. संगठन तथा कर्मचारी दरबन्दी : (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आबश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी रामग्राम नगरपालिकाको नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वमोजिमको प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तरवृद्धि वा तहबृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ र साविक पद रि क्त भएको मानिने छैन ।

४. प्रोत्साहन सुविधा उपलब्ध गराउने: (१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१)बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउंदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिमको तहबृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| का.स., नगर प्रहरी, सवारी चालक (हलुका र हेभी) माली, सफाईकर्मी, फायरमेन | ५ वर्ष भन्दा कम स्थायी सेवा अवधि भएको । | सोही स्तरमा | २ ग्रेड थप |
| | पाचौ स्तरमा कार्यरत ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही स्तरमा | २ ग्रेड थप |
| | पांच वर्ष भन्दा बढी सेवा अवधि भएको । | एक स्तर बृद्धि | |
| सहायकस्तर चौथो | ५ वर्ष भन्दा कम स्थायी सेवा अवधि भएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको । | पाचौ तह | |
| सहायकस्तर पाचौं | ५ वर्ष भन्दा कम स्थायी सेवा अवधि भएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र आबश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको । | अधिकृतस्तर छैठौं | |
| अधिकृतस्तर छैठौं | ५ वर्ष भन्दा कम स्थायी सेवा अवधि भएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको । | सातौं तह | |
| अधिकृतस्तर सातौं | ५ वर्ष भन्दा कम स्थायी सेवा अवधि भएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको । | आठौं तह | |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी यो ऐन जारी हुनु अगावै तह /स्तर वृद्धि भई ५ वर्ष अवधि नपुगेको भएमा साविककै पदलाई स्तर वृद्धिभएको मानी २ ग्रेड थप दिइनेछ ।

(५) यस दफा बमोजिम स्तर वा तह वृद्धि भएका कर्मचारीले साविक पद बमोजिम कै काम काज गर्नुपर्नेछ। तबल, भत्ता, पदनाम जस्ता सुविधा भने स्तर वा तह वृद्धि भए बमोजिमकै पदको हुनेछ।

(६) यस दफा बमोजिम स्तर वा तह वृद्धि गर्ने कार्य एक पटकका लागि मात्र हुनेछ।

(७) यस दफा बमोजिम स्तर/तह वृद्धि हुने कर्मचारीहरुले साविकमा खाइपाइ आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरीनेछ।

(८) यस ऐन बमोजिम उपलब्ध गराइएको थप ग्रेड प्रचलित कानुन बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइने छ।

५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउने: (१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपलब्ध गराउनेछ।

६. यसै ऐन बमोजिम हुने : यस ऐन बमोजिम स्तर/तह वृद्धि हुने कर्मचारीहरुको स्तर/तह वृद्धि सम्बन्धी मापदण्ड संघीय तथा प्रदेश सरकाारबाट स्वीकृत भई आएमा सोही बमोजिम र सो नभएमा यसै ऐन बमोजिम हुनेछ।

७. नियम बनाउने तथा आवश्यक व्यवस्था मिलाउने अधिकार: यो ऐन कार्यान्वियन गर्नका लागि रामग्राम नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ। यसका साथै यो ऐन कार्यान्वियन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा रामग्राम नगर कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

प्रमाणीकरण मिति: २०७८/०३/३०

आज्ञाले
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत